# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

बर्दिवास, महोत्तरी

फोन : ०४४-५५०६८६

फ्याक्स : ०४४-५५०५३१


पत्र संख्या : ०७९/०८० (प्रशासन)

चं नं. : 9655

BDS-7980-28966

मिति : २०७९/०९/१७

विषयः निबन्ध प्रतियोगिता बारेको सूचना सम्प्रेषण गरी सहयोग पु-याउने सम्बन्धमा ।

श्री धनुषा जिल्ला स्थित सबै स्थानीय तहहरु ।

उपर्युक्त विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह (कक्षा ९-१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको हुँदा तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुसम्म संलग्न बमोजिमको सूचना सम्प्रेषण तथा समन्वय र सहजीकरण समेत गरी सहयोग पु-याउनु हुन अनुरोध छ ।

..............................

(गोपाल कुमार अधिकारी)

कार्यालय प्रमुख

सह सचिव

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास, महोत्तरीको

निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौ स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निबन्धको शीर्षक **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन"** रहेको छ। (द्रष्टव्य: निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)

२. प्रतियोगिताका सहभागी : सिरहा/ धनुषा/ महोत्तरी/ सर्लाही/ सिन्धुली/ रामेछाप/ खोटाङ्ग/ ओखलढुङ्गा/ सोलुखुम्बु जिल्लाका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु ।

३. निबन्धको शब्द सीमा: निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ ।

४. निबन्धको भाषा :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया: प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नाम थर ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आयोगको कार्यालय, बर्दिबासमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

**(Email: ciaabardibas@gmail.com)**

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०७९ साल माघ ६ गतेसम्म आयोगको कार्यालय, बर्दिबासमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउनु वा इमेल गर्नुपर्नेछ ।

७. <u>पुरस्कार :-</u> निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई यस कार्यालयबाट देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

१. प्रथमः - रु. १२,०००।- (बाह्र हजार) - १ जनालाई

२. द्वितीयः - रु. ९,०००।- (नौ हजार) - १ जनालाई

३. तृतीयः - रु. ७,५००।- (सात हजार पाँच सय) - १ जनालाई

८. आयोगका सात (७) वटा कार्यालयहरूमा प्रथम हुने निबन्ध मध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन समिति मार्फत एउटा सर्वोत्कृष्ट निबन्ध छनौट गरिनेछ । सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई नगद रु २५,०००।- (पच्चीस हजार) र प्रमाणपत्र सहित आयोगको ३२ औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा काठमाण्डौमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ ।

९. राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र निजको एक जना अभिभावकलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा प्रदान गरिने तथा उपत्यकाभित्रको विद्यार्थीहरुको हकमा आतेजाते खर्च स्वरूप एकमुष्ट रकम रु. ३,०००।– (तीन हजार) प्रदान गरिनेछ ।

(यस सम्बन्धी बिस्तृत विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ ।)